राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०४** | **संख्याः १८** | **मितिः २०७७/१२/२६**

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्ययोजना सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# नदिजन्य पदार्थको संकलन एवं बिक्री शुल्क उठाउने सम्बन्धि कार्ययोजना २०७७

## नदिजन्य पदार्थको संकलन एवं बिक्री शुल्क उठाउने सम्बन्धि कार्ययोजना २०७७

**१. पृष्ठभूमी :**

नेपालको संविधानले राज्य शक्तीलाई संघीय, प्रादेशिक एवं स्थानिय सरकारको रुपमा बाँडफाँड गरेको अवस्थामा आ-आफ्ना भूमिका निर्वाह गर्न प्रर्याप्त आर्थिक स्रोतको व्यवस्था अनिवार्य रहेको हुन्छ । सोही कुरालाई मध्यनजर गर्दे संवैधानि व्यवस्था बमोजिम स्थानिय सरकार संचालन ऐन २०७७ को परिच्छेद ९ मा वित्तिय अधिकारको व्यवस्था समेत गरिएको छ । उक्त ऐनको दफा ६२ (क) ले दिएको अधिकार बमोजिम आफ्नो क्षेत्रधिकारभित्र रहेका नदिजन्य पदार्थको बिक्री गर्न सक्ने अधिकार यस गाउँपालिकालाई समेत प्राप्त भएको छ ।

नेपाल सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ ले संघीय, प्रादेशिक एवं स्थानिय वातावरण संरक्षण ऐन, कार्यविधी आदिमा भएको व्यवस्था बमोजिमको प्रकृयाहरु पुरा गराई मात्र नदिजन्य पदार्थको व्यवस्थापन गरी राजश्व संकलन गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम यस गाउँपालिकाबाट प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने, जोखिममा रहेको क्षेत्रहरुको पहिचान गरी थुप्रिएका ग्रेगाहरु हटाउन जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पेश गरी स्वीकृत प्राप्त गर्ने लगायतका कार्य प्रकृयाहरु पुरा गरिसकिएको अवस्था एकातर्फ छ भने अर्को तर्फ र्गह मन्त्रालको मिति २०७७/०९/१३ च.नं. १९०९ को परिपत्रबाट प्राप्त भएको निर्देशन, जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/१२/०३ गतेको बैठकको निर्णयबाट प्राप्त सहमति आदिको कारण तत्काल नदिजन्य पदार्थको व्यवस्थापन गरी राजश्व संकलन गर्नुपर्ने अवस्था विद्यमान छ ।

नदिजन्य पदार्थको संकलन/उत्खनन र सो को राजश्व संकलन कार्यलाई वैज्ञानिक/व्यवस्थित रुपमा संचालन गरी स्थानिय गुनासो, द्वन्द र विवादको अवस्था उत्पन्न हुन नदिने तथा राक्सिराङ्ग गाउँपापिलकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ को दफा ५७(२) को व्यवस्था कार्यान्वयन समेत गर्न यो कार्ययोजना तयार गरिएको छ ।

**२. कार्ययोजनाको औचित्य :**

क) गाउँपालिकाबाट स्वीकृत IEE प्रतिवेदन, जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशन एवं नदिजन्य पदार्थको व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त निर्देशन, मार्गदर्शनको परिपालन गर्नु गराउनु

ख) राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनु

ख) नदिजन्य पदार्थको दिगो व्यवस्थापनमा स्रोतको अभाव हुन नदिनु

**३. कार्ययोजनाको उदेश्य :**

क) नदिजन्य पदार्थको संकलन/उत्खनन कार्यलाई वैज्ञानिक/व्यवस्थित रुपमा संचालन गरी विवादरहित एवं वातावरणमैत्री बनाउनु ।

ख) राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनु ।

**४. नदिजन्य पदार्थको संकलन/उत्खनन, भण्डारण, बिक्रि वितरण एवं ढुवानी सम्बन्धि सामान्य व्यवस्था :**

राक्सिराङ्ग गाउँपालिकाबाट स्वीकृत IEE प्रतिवेदनलाई स्रोतमानि जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/१२/०३ को निर्णयको आधारमा स्वीकृत भएको कूल परिमाण १०२८२५ घन मिटर मध्यबाट तोकिएको अवधि भित्रै ढुङ्गा, गिट्टी तथा बलुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४ (१०) को प्रतिबन्धात्मक वाक्यांश एवं दफा ६(४) को प्रतिवन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी तत्कालै अमानतबाट नदिजन्य पदार्थको

संकलन/उत्खनन एवं बिक्रि को व्यवस्था मिलाइनेछ। यस कार्यका लागि देहाय व्यवस्था एवं मपदण्डको परिपालन गर्ने र गराईनेछ।

**देहायः**

**(क) पूर्व संकलन अवस्था :**

नदिजन्य पदार्थको संकलन/उत्खनन कार्य गर्नुभन्दा अगावै स्वीकृत भै तोकिएका क्षेत्रहरुमा प्राविधिक सहितको टोली परिचालन गरी GPS को माध्यबाट Zoning गर्ने कार्य गरिनेछ। यसरी Zoning भएको क्षेत्रको चार किल्लामा रातो झण्डा गाडी संकेत प्रदान गरिनेछ। आवश्यकता अनुसार रातो रङ्गको इनामेल प्रयोग गरी ठूला ढुङ्गा वा भित्ताहरुमा स्वीकृत वा निषेधित क्षेत्र जनाउने संकेत चिन्हहरुको प्रयोग गरिनेछ। उल्लेखित प्रकृया पुरा संकलन/उत्खनन कार्यको थालनी गरिएको जानकारी एवं आवश्यक समन्वय र सहयोगको माग गरी सम्बन्धित निकायहरुमा पत्राचार गरिनेछ। गाउँपालिका क्षेत्र भित्र चुरे संरक्षण क्षेत्र पर्ने देखिएमा आवश्यक समन्वयकमा लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति समक्ष अनुरोध गरिनेछ।

**(ख) पूर्व संकलन/उत्खननको अवस्था :**

१) प्रकरण क को अवस्था पुरा भैसकेपछि १/२ मिटर भन्दा कम गहिराईको क्षेत्रको संकलन कार्यमा हाते औजारको प्रयोगलाई स्वीकृती प्रदान गरिनेछ। यसका लागि आवश्यकता अनुसार ज्यामी/कामदारहरुको सूचिकरण गरी अनुमति प्रदान गर्ने व्यवस्था समेत मिलाउन सकिनेछ। त्यसैगरी १ मिटर सम्म गहिराईका क्षेत्रहरुबाट नदिजन्य पदार्थ हटाउनु परेमा मात्र मध्यम प्रकारको एक्साभेटरको प्रयोग गरिनेछ।

२) मेशीनरी प्रयोग गर्नुपर्दाको अवस्थामा एक संकलन केन्द्रमा बढीमा २ वटा मेशीन प्रयोग गर्न सक्ने गरी सकेसम्म एउटा मात्र मेशीन प्रयोग गर्ने अनुमति प्रदान गर्न जोड गरिनेछ। यसरी प्रयोग हुने मेशिनको नम्बर लगायतका विवरण कार्यालयमा पेश गरी व्यहोरा खोलि अनुमति प्रदान गर्न सकिनेछ।

३) संकलन/उत्खनन गर्दा पानीको वहावलाई भेट्ने गरी गर्न पाइने छैन। यस्तो कार्य विहान सुर्योदय देखि साँझ सूर्यास्त सम्म मात्र गर्न पाइनेछ।

४) हाल संचालनमा रहेको पहुँच मार्ग खोलासंगै जोडिएको हुँदा सवारी आवागमनमा जोखिम बढाउने गरी पहुँच मार्गको आडैमा उत्खनन गर्ने वा ठूला ठूला खाल्डा हुनेगरी गरिने उत्खननलाई मान्यता दिइने छैन अर्थात यस प्रकारको उत्खनन गर्न दिइने छैन। विभिन्न पूर्वाधारहरुबाट छोडनु पर्ने दुरी सम्बन्धि मापदण्ड लाई पालना गराइनेछ।

५) मेशीनद्धारा गरिने उत्खनन कार्यालयको आर्थिक क्षमताले भ्यएसम्म आफैले गर्ने गरी प्रवन्ध मिलाइनेछ। कार्यालयको स्रोतले नभ्याउने अवस्था भएमा स्थानिय उद्योगहरुलाई परिचालन गरिनेछ।

६) उत्खनन कार्यको सुपरिवेक्षण गर्न १ जना प्राविधिक कर्मचारी फिल्डमा खटाइनेछ। उत्खनन क्षेत्रमा गहिराइ नाप्ने प्रायोजनका लागि Exavation Measoring Rod को उपलब्धता गराईनेछ।


७) जिल्ला विपद् व्यवस्थापन समितिको २०७७/१२/०३ को निर्णय २ (क) देखि (च) सम्मका प्रावधान यसैको लागि अभिन्न अङ्ग मान्ने।

**(ग) विक्री वितरण एवं दुवानीको अवस्था :**

उत्खनन गरिएका नदिजन्य पदार्थको प्रदेश सरकारबाट तोकिएको दर रेटमा खरिद गर्न ईच्छुक जो सुकैलाई समान व्यवाहारको आधारमा बिक्रि वितरण गरिनेछ । यसरी खरिद गर्न चाहनेले तोकिएको कर भुक्तानी गरी तोकिएको संकलन केन्द्रबाट खरिद गरी लैजान सक्नेछ । यसका लागि कार्यालयले जारी गरेको अनुसुचि (१) बमोजिमको प्रवेश पास लिई आउनु पर्नेछ । ढुवानी गर्दा पानी धमिलो नपार्ने गरी छुट्टै पहुच मार्गको प्रयोग गरी गर्नु पर्नेछ । यसरी बिक्री वितरण गरेको विवरण अनुसूची (२) बमोजिमको ढाचाँमा राख्ने प्रबन्ध कार्यालयले मिलाउनेछ । यसैको आधारमा ७/७ दिनको विवरण तालुक निकायहरुमा पठाइनेछ । उपरोक्तानुसारको कार्य अमानतमा गरिने अवस्थामा प्रत्येक संकलन केन्द्रमा १/१ जनाको हिसाबले र २ जना छड्के जाँच गर्ने प्रयोजनका लागि गरी ७ (सात) जना कर्मचारी सेवा करारबाट लिई संचालन गरिनेछ । त्रिपालले छोप्ने, प्रेशर हर्न नबजाउने, पानी चुहाएर नहिड्ने, धूलो नउडाउने, स्पीड लिमिट ४० कि.मि. प्रति घण्टा राख्ने, भार वहन क्षमता भन्दा बढी ढुवानी नगर्ने ।

**(घ) संकलन/उत्खनन कार्यको अनुगमन सम्बन्धी व्यवस्था :**

संकलन/उत्खनन कार्यको नियमित सुपरीवेक्षण र अनुगमनका लागि निम्नानुसार को चार तहको अनुगमन संयन्त्र तयार गरी परिचालन गरिनेछ ।



१) **प्राविधिकद्धारा सुपरीवेक्षण :-** उत्खनन कार्यको नियमित सुपरीवेक्षणका लागि १ जना प्राविधिकलाई फिल्डमा खटाइने र निजले नियमित सुपरिवेक्षण गरी कमी कमजोरीको तत्कालै सुधार गर्न लगाउनु पर्नेछ ।

२) **कार्यदलद्धारा अनुगमन :-** उत्खनन कार्य एवं सुपरीवेक्षण कार्यको नियमित अनुगमन गर्न निम्नानुसारको अनुगमन कार्यदल गठन गरिनेछ । उक्त कार्यदले उत्खनन कार्यका साथै राजश्व संकलनको अवस्था समेत २४ सै घण्टा निगरानी गर्नेछ ।

**अनुगमन समिति**

| | |
|---|---|
| १) प्रमुख प्रशासकिय अधिकृत | ५) राजश्व दाखिला विवरणको हिसाब राख्ने कर्मचारी (लेखापाल) |
| २) लेखा अधिकृत | ६) सहायक कर्मचारी-२ जना |
| ३) ईन्जिनियर | ७) सहयोगी कर्मचारी-२ जना |
| ४) राजश्व शाखा प्रमुख | |

३) **प्राविधिक समितिबाट अनुगमन :-** नेपाल सरकार/प्रदेश सरकारबाट जारी भएका मापदण्ड बमोजिम कार्य भए/नभएको विषयमा अनुगमन गरी सुधार सुधारात्मक सुझाव दिने प्रयोजनका लागि यस अधि गठन भएको प्राविधिक समितिलाई परिचालन गरिनेछ ।

४) **स्थानिय अनुगमन समितिबाट अनुगमन :-** संकलन/उत्खनन एवं राजश्व असुली कार्यको समग्र अनुगमन गर्नका लागि गा.पा. अध्यक्ष/उपाध्यक्ष/कार्यापालिकाको सदस्य, स्थानिय प्रहरी कार्यालय, वन कार्यालय लगायतका प्रतिनिधि संलग्न हुने अनुगमन समिति मार्फत आवधिक (७/७ दिनमा) अनुगमन गराउनेछ ।

५) **वातावरणीय व्यवस्थापन योजना :-** उपरोक्तानुसार संकलन/उत्खनन कार्यबाट हुनसक्ने प्रभावलाई नियन्त्रण गर्न तत्काल देहाय बमोजिमका EMP कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

**देहायः**

| विवरण | अनुमानित लागन |
|---|---|
| १) नदिजन्य पदार्थ (ठूला ठूला ढुङ्गा) आदिको थुप्रो लगाई प्राकृतिक ड्याम निर्माण गर्नुपर्ने | ५ लाख |
| २) खानेपानी/सिंचाई मुहान संरक्षण / उकास आदि कार्य | ५ लाख |
| ३) प्रवर्द्धित बृक्षारोपण | ३ लाख |
| ४) शव दाह स्थल (चुर्लिङ्ग दोभान) व्यवस्थापन | ५ लाख |

६) **वित्तिय प्रवन्ध :-** उल्लेखित कार्ययोजना अनुसारको कार्य अघिबढाउने निम्नानुसारको खर्च अनुमान गरिएको छ । यस बमोजिमको कार्यका लागि आवश्यक बजेट व्यवस्था राजश्व परिचालन खर्चको रुपमा व्यवस्था गरी खर्च गर्नुपर्ने देखिन्छ ।

**निम्नानुसार:**

| क.सं. | काम | अनुमानित लागत |
|---|---|---|
| १ | कार्यालय भित्रका कर्मचारीलाई भत्ता (१८००० X २ X ३) | १,०८,००० ।- |
| २ | कार्यालय बाहिरबाट सेवा करार (२०००० X ५ X ३) | ३,००,००० ।- |
| ३ | अनुगमन खर्च सुपरिवेक्षक (१८००० X ३) | ५४,००० ।- |
| ४ | अनुगमन कार्यदल (१५००० X ३ X ५) | २,२५,००० ।- |
| ५ | प्राविधिक समिति (५००० X ३ X ३) | ४५,००० ।- |
| ६ | स्थानीय अनुगमन समिति (१००० X १५ X ७) | १,०५,००० ।- |
| ७ | संकलन तथा उत्खनन खर्च | २०,००,०००। |
| ८ | E.M.P | १८,००,००० ।- |
| **जम्मा** | | ४६३७००० ।- |

७) **विविध (संकलन विधी/साझेदारी आदि :-** नदिजन्य पदार्थ संकलन/उत्खनन गर्न विभिन्न स्रोतबाट प्राप्त अनुमति बमोजिम राजश्व संकलन गर्ने कार्य यथासम्भव ठेक्का व्यवस्थापन गरी गरिनेछ । तर समय, श्रम र धनको उपलब्धता हेरी अमानतबाट समेत संकलन गर्न सकिनेछ । संकलन कार्यमा स्थानिय उपभोक्ता एवं उद्योगहरुलाई प्राथमिकताका साथ उपलब्ध गराईनेछ ।

छिमेकी गाउँपालिकाहरु संगको भौगोलिक सिमाना विवाद बजारीकरणको अवस्था, पहुँच मार्गको समानता जस्ता विविध कारणबाट संयुक्त समितिबाट समेत कर संकलन गर्न सकिनेछ ।

**आज्ञाले,**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**